जनमुखी पत्रकारिताको अभ्यास

जि.प्र.का.ड.द.नं.१४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्षः- १५ | अंकः- ३१ | २०८२ साल भाद्र ६ शुक्रवार | ( Aujust 22, 2025) | पृष्ठ संख्याः- ४ | मुल्य रु : ५।-

## कालापानीमा भारतीय हस्तक्षेप बन्द गर्न अनेरास्ववियु (क्रान्तिकारी) को माग

बिगूल समाचार

६ भाद्र २०८२

नेपाल भारतको सिमा क्षेत्रमा पर्ने कालापानीमा लामो समय देखि दुई देशको सिमा विबाद रहेको छ। दुई देशको बिवादित भुमि प्रयोग गरेर नेपाललाई कुनै जानकारी बिना भारत-चीन ब्यापार सम्झौता लगायतका विषयलाई लिएर अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)ले गम्भीर आपत्ति जनाएको छ।

अनेरास्ववियु (क्रान्तिकारी) को सुदूरपश्चिम प्रदेश समितिले एक प्रेस विज्ञप्ति जारी गर्दै कालापानीमा भइरहेको भारतीय हस्तक्षेप बन्द गर्न र नेपालको सीमा रक्षाका लागि सरकारसँग पहल गर्न माग गरेको छ। विज्ञप्तिमा भनिएको छ,"हामी सम्पूर्ण देशभक्त, प्रगतिशील र जनवादी विद्यार्थीहरूलाई राष्ट्रियताको सवालमा एकताबद्ध हुन आग्रह गर्दछौं।"

भारतीय हस्तक्षेप, सीमा विवाद र नेपालको राजनीतिक, आर्थिक, सांस्कृतिक तथा शैक्षिक क्षेत्रमा विदेशी शक्तिको बढ्दो प्रभावका बारेमा अनेरास्ववियु (क्रान्तिकारी)ले गहिरो चिन्ता व्यक्त गरेको छ। कालापानी लगायतका नेपाली भूमिमा भइरहेको अतिक्रमणलाई रोक्न सरकारले तत्काल पहल गर्नुपर्ने र यसका लागि विद्यार्थी संगठनले सरकारसँग हातेमालो गर्न तयार रहेको पनि विज्ञप्तिमा उल्लेख छ। संगठनका अध्यक्ष वीरबहादुर थापाद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, "नेपालको राष्ट्रियता, सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वाधीनताको रक्षाका लागि हामी सधैं प्रतिबद्ध छौं।"

अनेरास्ववियु (क्रान्तिकारी) ले नेपाली भूमिमा भइरहेको हस्तक्षेप रोक्नका लागि निरन्तर संघर्ष गर्ने र देशभक्त विद्यार्थीहरूलाई यस अभियानमा साथ दिन आह्वान गरेको छ। २०७७ सालमा नेपालको आधिकारिक नक्सामा समेत कालापानी लिपुलेक र लिम्पियाधुरा समावेश गरिएको छ।

## किरण कोली मृत्यु प्रकरणः आरोप प्रत्यारोपबीचमा लुकेको सत्य

बिगूल समाचार

६ भाद्र २०८२




डडेल्धुरा। सुदूरपश्चिम प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री सुरेन्द्रबहादुर पालमाथि लागेको १३ वर्षीय बालक किरण कोलीको हत्या आरोपले राजनीतिक वृत्तदेखि सामाजिक तहसम्म चर्को बहस उब्जिएको छ। घटनाको विषयमा फरक-फरक भनाइ सार्वजनिक भएपछि वास्तविकतामाथि प्रश्नचिन्ह खडा भएको छ।

### अभियन्ताको गम्भीर आरोप

दलित अभियन्ता खगेन्द्र सुनारले सामाजिक सञ्जालमार्फत मन्त्री पालमाथि गम्भीर आरोप लगाएका छन्। उनले फेसबुकमा दलितले बाटो काटेको साइतु भन्दै मन्त्रीले गाडीले किचेर किरणको हत्या गरेको दाबी गरेका छन्। सुनारले पीडित परिवारलाई ५ लाख रुपैयाँ दिएर घटना दबाउन खोजिएको भन्दै बैंक खातामा रकम जम्मा भएको स्क्रिनसट समेत सार्वजनिक गरेका छन्।

### प्रहरी स्रोतको भनाई

'डिलासैनी गाउँपालिका ३ का १३ वर्षीय किरण कोली साउन १७ गते डिन्नीगाडमा बालुवा सङ्कलन गर्ने क्रममा विद्युत् पोल छोएर करेन्ट लाग्दा गम्भीर घाइते भएका थिए। उपचारका क्रममा गोकुलेश्वर अस्पतालमा उनको मृत्यु भएको हो। कानुनी प्रक्रिया पूरा भएपछि मृतकका बाजेले १८ साउनमा शव बुझेका थिए। हत्या भएको भन्ने दाबी असत्य हो।'

### स्थानीय प्रमाण र शंकाको घेरा

यद्यपि, घटनाले शंकाको घेरा पनि बढाएको छ। एक स्थानीयले नाम नखुलाउने सर्तमा दिएको जानकारी अनुसार, किरण मन्त्रीकै संरक्षणमा चमेलिया नदीबाट संकलित बालुवाको रासमा खेल्दै गर्दा करेन्ट लागेका हुन्। करेन्ट लागेपछि रातारात बालुवा अन्यत्र सारिएको र पीडित परिवारको खातामा ५ लाख रुपैयाँ जम्मा गरिएको दाबी गरिएको छ।

पैसाको बलमा घटना मिलाउन खोजिएको भन्दै विभिन्न राजनैतिक दलहरू तथा समाजिक अभियान्ताहरूका समाजिक संञ्जाल भरी न्याय किनबेच गर्ने प्रयास भएको आरोप लगाएको छ। स्थानीयका अनुसार मन्त्रीको संरक्षणमा गैरकानुनी रूपमा बालुवा उत्खनन भएको र त्यसैले यो दुर्घटना भएको दाबी गरेको छ।

### मन्त्रीको प्रतिक्रिया र कानुनी प्रक्रिया

मन्त्री पालको सचिवालयले भने सबै आरोपलाई झूटो र भ्रमपूर्ण भन्दै खारेज गरेको छ। सचिवालयका अनुसार, घटना हुँदा मन्त्री जिल्ला बाहिर थिए र सामाजिक सद्भाव बिगार्ने उद्देश्यले सुनारले गलत प्रचार गरेको हो। सचिवालयले सुनारविरुद्ध साइबर अपराध अन्तर्गत उजुरी दर्ता गरी कानुनी प्रक्रिया अगाडि बढाइसकेको जनाएको छ।

विभिन्न पक्षबाट आ(आफ्नै तर्क र प्रमाणहरू प्रस्तुत भइरहँदा बैतडी बालक मृत्यु प्रकरणको सत्य के हो भन्ने प्रश्न अनुत्तरित छ। अब, यो घटनाको निष्पक्ष छानबिन र त्यसबाट आउने नतिजाले नै वास्तविकताको पर्दाफास गर्नेछ।

### संकाको घोरा फराकिलो बन्दैः

मृतक बालक कोलीको आमाको खाताम जम्मा गरिएको ५ लाख रूपैया के कति कारणले जम्मा भयो यसको उद्देश्य के थियो र किन घटनालाई सामसुम पार्न खोजिदै छ भन्ने कुराले समाजमा प्रश्न खडा गरेको छ।

## मेलौली नगरपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली बैतडी

## डडेल्धुराको नवदुर्गा गाउँपालिकामा बँदेलको आतंक

करन साउद

६ भाद्र २०८२



डडेल्धुरा। डडेल्धुरा जिल्लाको नवदुर्गा गाउँपालिका १ ऐरोडा लगायतका क्षेत्रहरुमा बँदेलले आतंक मच्चाएको छ।

स्थानीय किसान दिल बहादुर ऐरले भने बँदेलका बथानले रातिको समयमा खेतबारीमा पसेर मकै बाली सखाप गरेर जान्छन्। लगभग ३०० क्वन्टल मकै फल्ने ऐरोडाको ५० % बाली बदेलले नष्ट गरिसकेको छ।

"हामीले वर्षभरि गरेको मिहिनेतबाट उब्जिएको अन्न बँदेलले सखाप पारिदिन्छ, ऐरले गुनासो गर्दै भने, "कृषि नै हाम्रो मुख्य पेशा हो तर फलाएको अन्न जंगलका जनावरका लागि मात्रै ठिक्क भएको छ। हामीले के खाने भन्ने चिन्ताले सताएको छ।

जंगली बदलले नवदुर्गा १ को ऐरोडा न्वाघर निन्तोला बजाडी ओलीगाउँ सुनकोट लागायका क्षेत्र मकैबाली सखाप पारेको स्थानीय इन्द्र साउँदले बताए।

## गन्यापधुरा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडाल, डडेल्धुरा

## सम्पादकीय

### कानुन निर्माणमा स्वार्थ समूहको पकड : लोकतन्त्रको गाहिरो संकट

नेपालमा कानुन निर्माण प्रक्रियामा स्वार्थ समूहको बढ्दो प्रभाव लोकतन्त्रकै आधारलाई कमजोर पार्ने गम्भीर समस्याका रूपमा देखा परेको छ। लोकतन्त्रको मूल आधार भनेकै जनता हुन्, तर जनताको चाहना र आवश्यकता भन्दा बाहिर निजी स्वार्थ र आंशिक लाभका लागि कानुन बन्ने प्रवृत्ति हावी हुँदै गएको देखिन्छ । संसद जनताको सर्वोच्च प्रतिनिधि निकाय हो भन्ने कुरा स्वीकार्य भए पनि संसद स्वयं नै बाह्य स्वार्थ समूहको प्रभावबाट मुक्त हुन नसक्दा विधायन प्रक्रिया पारदर्शी र जिम्मेवार बन्न सकेको छैन। यस्तो अवस्था लामो समयसम्म रह्यो भने मुलुकको भविष्य नै संकटमा पर्न सक्नेछ। त्यसैले कानुन निर्माणलाई जनमुखी, पारदर्शी र राष्ट्रहितमा आधारित बनाउन गम्भीर प्रयास आवश्यक छ ।

सांसदहरूले आफूलाई दिएको जिम्मेवारीलाई औपचारिक हैसियतको रूपमा मात्रै नभई ठोस कार्यदक्षतासहित पूरा गर्न जरुरी हुन्छ। कुनै पनि विधेयक संसद्मा पेश भएपछि त्यसको गहन अध्ययन गर्ने, त्यसमा भएका अस्पष्ट वा तजबिजी अधिकार दिने शब्दावलीलाई संशोधन गर्ने र छलफलमा सक्रिय सहभागिता जनाउने संस्कार स्थापित हुनुपर्छ । दुर्भाग्यवश, हालसम्मको अभ्यासमा कतिपय सांसदहरू व्यक्तिगत लाभका लागि मात्र सक्रिय हुने र स्वार्थ समूहले आयोजना गर्ने कार्यक्रम वा भ्रमणमा बढी आकर्षित हुने प्रवृत्ति देखिन्छ। यस्तो अभ्यास अन्त्य गरी जनप्रतिनिधिले आफूलाई जिम्मेवार र उत्तरदायी साबित गर्न जरुरी छ। संसद्का बैठकहरू प्रायः गणपूरक संख्या नपुगेर स्थगित हुने अवस्था समेत देखिन्छ, जसले कानुन निर्माणलाई कमजोर पार्छ । जनप्रतिनिधिको नियमित उपस्थिति र विषयगत अध्ययन बिना विधायन प्रक्रिया सुदृढ बनाउन सकिँदैन ।


कुनै पनि विधेयक तयार भएपछि सीमित व्यक्तिहरूको सल्लाहमा मात्र होइन, व्यापक जनस्तरमा छलफलमा ल्याउनुपर्छ । नागरिक समाज, सरोकारवाला निकाय र साधारण जनतालाई समेत राय दिने अवसर उपलब्ध गराए कानुनले बढी जनस्वीकृति पाउँछ। त्यसका लागि संसद र सरकार दुवैले विधेयक मस्यौदा र संशोधनहरूलाई अनलाइन प्लेटफर्ममार्फत सार्वजनिक गर्न सक्नुपर्छ। यसले जनतामाझ विश्वास बढाउँछ र स्वार्थ समूहको गोप्य दबाबलाई नियन्त्रण गर्ने वातावरण बनाउँछ।

कानुन निर्माणको प्रारम्भिक चरण प्रायः कर्मचारीतन्त्रसँग जोडिएको हुन्छ । त्यसैले कर्मचारीतन्त्रलाई जवाफदेही बनाउन नसकिएसम्म स्वार्थ समूहको प्रभाव रोक्न गाह्रो हुन्छ। विधेयक मस्यौदा गर्ने जिम्मेवारी पाउने कर्मचारीले आफ्नो कामको प्रत्यक्ष जवाफदेही वहन गर्ने व्यवस्था हुनुपर्छ। कुनै कानुनमा विशेष स्वार्थका लागि बनाइएका प्रावधान भेटिए त्यसको जिम्मेवार को हो भन्ने स्पष्ट हुनुपर्ने अवस्था सिर्जना गर्न जरुरी छ। साथै, सरकारले विधेयक तयार गर्ने क्रममा नै जनहितलाई प्राथमिकता दिने स्पष्ट निर्देशन जारी गर्नुपर्छ र तजबिजी अधिकारलाई सकेसम्म कम गर्नुपर्छ। यसो भएमा कर्मचारीतन्त्रमार्फत हुने व्यक्तिगत स्वार्थको चलखेललाई रोक्न सकिन्छ।

कानुन भनेको राष्ट्रको शासन व्यवस्थाको मूल मुहान हो। यदि यो मुहानमै स्वार्थ र भ्रष्टाचार मिसियो भने सुशासनको सपना पूरा हुन सक्दैन। त्यसैले सबै तहका जनप्रतिनिधि, कर्मचारी र राजनीतिक नेतृत्वले यसलाई राष्ट्रहितमा प्रयोग गर्ने बानी बसाल्नुपर्छ । सांसदहरूले आफ्नो भूमिकामा इमानदार हुनु, प्रक्रियामा पारदर्शिता ल्याउनु, कर्मचारीतन्त्रलाई जवाफदेही बनाउनु र नेतृत्त्व तहले नैतिक बल देखाउनु नै यस समस्याबाट बाहिर निस्कने सबैभन्दा सहज र प्रभावकारी बाटो हो । लोकतन्त्रलाई बलियो र स्थायी बनाउन स्वार्थ समूहको चलखेलमुक्त कानुन निर्माण अबको ऐतिहासिक आवश्यकता हो ।

कानुन निर्माणमा स्वार्थ समूहको चलखेल रोक्न सांसदहरूले आफ्नो भूमिकालाई इमान्दारीपूर्वक निर्वाह गर्नुपर्छ। यसका लागि उनीहरूले विधेयकको गहन अध्ययन गर्ने, सार्वजनिक छलफललाई प्रोत्साहन गर्ने र आफ्नो व्यक्तिगत स्वार्थलाई त्याग्नुपर्छ । यसका साथै, कर्मचारीतन्त्रमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नु आवश्यक छ, जसले गर्दा जनताको हितमा आधारित कानुनहरू निर्माण हुन सकून्।

## लिपुलेक सम्झौता चीन र भारतको मिचाह प्रवृत्ति



**चीन र भारतले केही वर्ष पहिले पनि नेपाली भूमि लिपुलेकबारे त्यही प्रकारको सम्झौता गरेका थिए र हामीले त्यसको विरोध गरेका थियौँ र अहिले पनि हामीले उनीहरूको त्यस प्रकारको नीतिको कडा शब्दमा विरोध र भर्त्सना गर्दछौँ । हामीले सरकार सित चीन र भारतले लिपुलेकबारे गरेको त्यसप्रकारको सम्झौताको कडा विरोध गर्न माग गर्दछौँ ।**

**मोहनविक्रम सिंह**

हालै चिनियाँ र भारतीय प्रधानमन्त्री दुबैले निकालेको संयुक्त विज्ञप्तिमा लिपुलेकलाई उनीहरूको व्यापारिक मार्ग बनाउने सहमति प्रकट गरिएको छ। लिपुलेक त्रिदेशीय सीमा हो। त्यसकारण नेपालको सहमतिबिना उनीहरूले त्यसलाई आफ्नो व्यापारिक मार्ग बनाउन कुनै सम्झौता गर्नु अन्तर्राष्ट्रिय कानुन र नेपालको पनि सार्वभौमिकताका विरुद्धको कुरा हो। चीन र भारतले केही वर्ष पहिले पनि नेपाली भूमि लिपुलेकबारे त्यही प्रकारको सम्झौता गरेका थिए र हामीले त्यसको विरोध गरेका थियौँ र अहिले पनि हामीले उनीहरूको त्यस प्रकारको नीतिको कडा शब्दमा विरोध र भ्रर्त्सना गर्दछौँ । हामीले सरकारसित चीन र भारतले लिपुलेकबारे गरेको त्यस प्रकारको सम्झौताको कडा विरोध गर्न माग गर्दछौँ ।

हाम्रो पार्टीले चीन र भारत दुबैलाई साम्राज्यवादी देशहरू मान्दछ। अहिले उनीहरूले लिपुलेकबारे गरेको सम्भौताबाट उनीहरू दुबैको साम्राज्यवादी चरित्र नै प्रकट भएको छ। भारतले लिपुलेकका साथै लिम्पियाधुरा र कालापानी क्षेत्रमा पनि कब्जा जमाएको छ। चीनले आफ्नो नयाँ नक्सामा त्यो क्षेत्र नेपालमा भएको देखाएको छैन । त्यसैले नेपालको राष्ट्रियता र सार्वभौमिकताका विरुद्ध ती दुबै देशहरूले आपसमा साँठगाँठ गरेको देखिन्छ।

हाम्रो पार्टीले चीन र भारत दुबै देशहरूलाई साम्राज्यवादी देश माने पनि तुलनात्मक रूपले नेपालका लागि भारतीय साम्राज्यवाद बढी खतरनाक भएको विश्लेषण गरेको छ। अमेरिकी र भारतीय साम्राज्यवादको अतिक्रमण र हस्तक्षेपका विरुद्ध नियन्त्रण र सन्तुलनका लागि चीनसितको मैत्रीपूर्ण सम्बन्धलाई हामीले सकारात्मक रूपमा लिन्छौँ। तर, त्यसो गर्दागर्दै पनि चीनले लिपुलेक र कालापानी क्षेत्रसमेतबारे जुन अमैत्रीपूर्ण र साम्राज्यवादी नीति अपनाएको छ, त्यसको हामीले कडा शब्दमा विरोध गर्दछौँ।

यसैगरी अमेरिकाले पहिले स्थगित गरेको एमसिसिलाई नेपालमा पुनः लागू गर्ने निर्णय गरेको छ। एमसिसीका पछाडिको उद्देश्य चीनका विरुद्ध घेराबन्दी गर्ने, तिब्बतमा दलाई लामालाई पुनर्स्थापना गर्नका लागि त्यहाँ आक्रमण गर्न नेपालको भूमिलाई उपयोग गर्नु नै हो। त्यसैले अमेरिकाको एमसिसीको नीतिबाट नेपालको तटस्थ नीति समाप्त हुने र हाम्रो देश युद्ध भूमिमा बदलिने गम्भीर खतरा छ। त्यसैले एमसिसीका विरुद्ध अगाडि आउने शक्तिहरूसित संयुक्त भएर त्यसका विरुद्ध पनि आन्दोलन अगाडि बढाउन हामीले पहलकदमी गर्नुपर्दछ। भारत र चीन दुवै साम्राज्यवादी देशहरू हुन् भन्ने हाम्रो पार्टीको स्पष्ट मत छ। त्यही पनि तुलनात्मक रूपले ती दुवैमध्ये भारतीय साम्राज्यवाद नेपालका लागि बढी खतरा भएको हुनाले त्यो खतरामा नियन्त्रण र सन्तुलनका लागि चीनसितको मित्रताले सकारात्मक महत्त्व राख्छ।

चीनले भारतसित गरेको लिपुलेकसम्बन्धी सन्धि र चीनको नक्सामा कालापानी क्षेत्रलाई नेपालमा नदेखाएको समेत विषयमा चीनको नीतिको पनि विरोध गर्ने हाम्रो नीति कायम रहनेछ। आज विश्वमा साम्राज्यवादी युद्ध गम्भीर हुनुका साथै विश्वशान्तिको प्रश्नमा पनि गम्भीर खतरा उत्पन्न भएको छ। आजको अन्तर्राष्ट्रिय स्थितिमा युद्ध बढेर गएमा त्यसले विश्वयुद्ध वा आणविक युद्धको रूप लिने खतरा पनि गम्भीर छ। त्यो अवस्थामा कैयौँ देशहरू नै ध्वस्त हुने वा सम्पूर्ण मानवजातिको नै विनास हुने खतरा पनि देखा पर्न सक्नेछ। इजरायली सरकारले प्यालेस्टाइनी जनतामाथि भीषण हमला गरिरहेको छ र गाजामा नरसंहार मच्चाइरहेको छ। उनीहरूको नीति गाजा बस्ने सबै प्यालिस्टाइनीहरूलाई समाप्त गर्ने नै रहेको देखिन्छ।

अमेरिकाका राष्ट्रपति ट्रम्पले पनि गाजाबाट सम्पूर्ण प्यालेस्टाइनीहरूलाई त्यहाँबाट हटाएर त्यहाँ आफ्नो प्रभुत्व कायम गर्ने विचार गरिरहेका छन्। अमेरिका र इजरायल मिलेर इरानमाथि आक्रमण गरेका थिए र अरू आक्रमण गर्न पनि तयारी गरिरहेका छन्। त्यो अवस्थामा अमेरिकी साम्राज्यवादको युद्ध नीति तथा प्यालेस्टाइनी जनता र इरान समेतमाथि उनीहरूले गरिरहेको आक्रमणको विरोध गर्नु विश्वभरका जनताको उत्तर दायित्व भएको छ र नेपाली जनता पनि त्यसका लागि अगाडि आउनुपर्ने आवश्यकता छ।

नेपालका वामपन्थी शक्ति, नागरिक समाज वा स्वतन्त्र बुद्धिजीवी समेतले त्यस प्रकारको आन्दोलनलाई अगाडि बढाउन महत्वपूर्ण भूमिका खेलेका छन् । आउने दिनहरूमा पनि अमेरिकी साम्राज्यवादको विरोध, प्यालेस्टाइनी जनताको मुक्ति आन्दोलनको समर्थन, गाजामा इजरायलले गरिरहेको नरसंहार तथा अमेरिका र इजरायलद्वारा इरानमाथि भइरहेको आक्रमण समेतका विरुद्धअगाडि आउने सबै राजनीतिक शक्ति, संगठन वा स्वतन्त्र व्यक्तिहरू समेतले मिलेर त्यो आन्दोलनलाई संयुक्त रूपमा अगाडि बढाउन पहल गर्नुपर्छ।

त्यसो त पछिल्ला वर्षहरूमा पुँजीवादभित्र सबै खालका संकट गहिरिँदै गएको छ। पुँजीवादभित्रको आर्थिक संकटका कारणले स्वयं पुँजीवादी देशहरूमा गम्भीर प्रकारको बेरोजगारीको समस्या बढ्दै गइरहेको छ। त्यही कारणले अहिले अमेरिकाका नेपालीसहित ठुलो पैमानामा आप्रवासीहरूलाई त्यहाँबाट निष्कासित कार्य भइर हेको छ।अन्य पुँजीवादी देशहरूमा पनि त्यो सिलसिला बढ्दै जाने सम्भावनालाई अस्वीकार गर्न सकिन्न। त्यो अवस्थामा विदेशमा रोजगारी खोज्न गएर नेपालको बेरोजगारी समस्या स्थायी रूपले हल हुन नसक्ने कुरा प्रष्ट छ। त्यो समस्यालाई हल गर्नका लागि कृषि र उद्योग समेतको दिगो विकास हुनुपर्ने आवश्यकता छ। तर विद्यमान राज्य व्यवस्थामा उच्च राजनीतिक र प्रशासनिक तहमा देखा परेको व्यापक भ्रष्टचार, कुशासन र अवस्थाका कारणले देशको दिगो विकास हुन सकिरहेको छैन ।

त्यसकारण देशमा बेरोजगारको समस्यालाई हल गर्नका लागि पनि विद्यमान राजनीतिक व्यवस्थामा सुधारमा आमूल परिवर्तनको आवश्यकता छ । नेपालका बुद्धिजीवीहरूको पलायन पनि गम्भीर समस्या हो र त्यसबाट देशको विकासमा नै बाधा पर्ने कुरा निश्चित छ। नेपालमा जनता वा राज्यको ठुलो लगानीबाट बुद्धिजीवीहरू पैदा हुन्छन् तर उनीद्वारा देशको विकासमा मद्दत पुग्नुको सट्टा उनीहरूको उपयोग विदेशमा नै हुन्छ। विद्यार्थीहरूको पनि ठुलो पैमानामा भइरहेको विदेश पलायन पनि एउटा गम्भीर समस्या हो। यसबारे प्रथमतः कुनै देशका विद्यार्थीहरू पढ्नका लागि विदेश जान हुन्न भन्ने सोचाइ अवश्य पनि सही हुने छैन । देशको विकासका लागि विदेशबाट ज्ञान, विज्ञान वा प्राविधिक शिक्षा प्राप्त गर्न आवश्यक र सही दुवै हुन्छ। तर त्यस सन्दर्भमा हाम्रो देशका विद्यार्थीहरूको समस्या के हो भने, विदेशमा पढ्न गएपछि उनीहरूको बढी जोड त्यही नै स्थायी रूपले विदेशमा नै घर परिवार गरेर बस्ने र देशमा नफर्कनेतिर नै बढी जोड हुन्छ । त्यो अवस्थामा उनीहरूबाट देशको विकासमा मद्दत पुग्ने कुनै संभावना हुँदैन ।उनीहरूमा देशभक्तिको भावना अत्यन्त कम भएको हुनाले नै त्यस्तो हुने गरेको छ । त्यसैले हामीले तल्लो कक्षाका विद्यार्थीहरूदेखि लिएर उच्च तहसम्म र देशव्यापी रूपमा देशभक्तिको भावना बढाउन योजनावद्ध प्रकार ले प्रयत्न गर्नुपर्ने आवश्यकता छ। त्यसबारे हाम्रो देशको विशेष ध्यान जानु जरुरी छ।

त्यसैगरी भ्रष्टाचार अहिले देशको गम्भीर राष्ट्रिय समस्या नै भएको छ। सरकारका मन्त्रीहरू भ्रष्टाचार मा मुछिएको कुरा खुला रूपमा नै बाहिर आउने गरेको छ। देशमा गिरिबन्धु टि-स्टेट, ललिता निवास जग्गा प्रकरण, सुनको तस्करी, नक्कली भुटानी शरणार्थी, भिजिट भिसा काण्ड, सहकारी हिनामिना वा ठगीजस्ता भ्रष्टाचारका काण्डहरूको लामो सिलसिला छ । देशमा त्यस प्रकारको भ्रष्टचारको मानसिकताले तल्लो तहसम्म गहिरो जरा हालेको छ।


### पाटन नगरपालिका बैतडीको जनहितमा जारी सन्देश

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरुको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**पाटन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पाटन बैतडी**


## यसरी हट्न सक्छ छाउप्रथा

**•अमृता अनमोल**

२८ वर्षीया कमला दमाईंको गत असार २८ मा छाउ गोठमा सर्पले डसेर मृत्यु भयो । उनी कञ्चनपुरको कृष्णनगरकी कमला छाउ बार्न छिमेकीको छाउ गोठमा सुत्न गएकी थिइन्। कमलाको पक्की घर थियो । तर, छाउ अर्थात् महिनावारीमा घरभित्र बस्दा देउता रिसाउँछन् । कुल पितृले सराप्छन् भन्ने डरले उनी घरमा सुत्न सकिनन्। छाउ अर्थात् महिनावारीमा गोठमा सुत्ने र समस्या भोग्ने कमला जस्ता धेरै महिला छन् ।

महिनावारी नितान्त महिलासँग सम्बन्धित विषय हो। महिनावारीको समयमा छोइछिटो बार्दा महिलाले नै समस्या भोगेका छन् । तर, पनि महिलाले नै अपनाएका छन् र अपनाउन सघाइरहेका छन्। सुदूरपश्चिमका ग्रामीण भेगमा महिनावारीमा सुत्न छाउ गोठ नै बनाइएका छन् । बेलाबेलामा सामाजिक अभियन्ताहरुले छाउ गोठ भत्काउँछन्, फेरि स्थानीयले बनाउँछन् । धेरै वर्षदेखि यो सिलसिला चलिरहेको छ ।

अन्य क्षेत्रमा कतै घरभित्र त कतै बाहिर बसेर छाउ अर्थात् महिनावारीमा छुइप्रथा मानिरहेका छन् । घर बाहिरका छाउ गोठ भत्किए पनि मनभित्र बनेका

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिकः- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुराः- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुराः- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुराः- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुराः- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुराः- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुराः- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुराः- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुराः- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुराः- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुराः- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुराः- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखाः- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुराः- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुराः- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुराः- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुराः- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुराः- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुराः- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुराः- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुराः- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुराः- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुराः- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुराः- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुराः- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुराः- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुराः- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुराः- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागिः- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पतालः- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुराः- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुराः- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुराः- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुराः- | ०९६-४२०१७९ |
| हरमस नेपालः- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुराः- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुराः- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुराः- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- | ०९६-४२०७५० |
| मिहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्भिnु होला।**

## छाउप्रथा..............

छाउ गोठ भत्किएका छैनन् । छाउप्रतिको सोच बदलिएका छैनन् । धर्म र परम्पराका नाममा जकडिएर बसेका छन् । यसैले हिन्दू धर्म मान्ने धेरै महिलाहरु आफूलाई समस्यामा राखेर पनि यो वा त्यो नाममा महिनावारीमा छुइ बार्ने र अछूत बन्ने गरिरहेका छन् ।

छाउ प्रथाबारे सर्वोच्च अदालतले करिब २० वर्षअघि अर्थात् २०६२ वैशाख १९ गते सरकारका नाममा आदेश नै जारी गरेको थियो । त्यसमा पश्चिम नेपालमा व्याप्त छाउ प्रथालाई कुरीति घोषणा गरी अन्त्य गर्न आवश्यक निर्देशिका बनाई लागू गर्न आदेश दिइएको थियो । तर, छाउ गोठबारे सम्बन्धित निकायले चासो नदिएपछि किशोरीहरु महिनावारीमा छाउ गोठमा बस्ने र ज्यान गुमाउने भइरह्यो ।

यस्तो क्रम बढेपछि २०७६ सालमा गृह मन्त्रालयले छाउ गोठ भत्काउन र छाउको पक्षमा उभिनेलाई कारबाही गर्न नै निर्देशन दिएको थियो । कतिपय स्थानीय तहले छाउ गोठमा बसाल्नु कानुन विपरीत ठहराउँदै त्यस्तालाई राज्यबाट दिने सुविधाबाट पनि वञ्चित गरेका छन् । तर, मानिसका मनमा बसेको छाउ अर्थात् महिनावारीप्रतिको धारणा धेरै फेरिएको छैन ।


महिनावारी जैविक प्रक्रिया हो । जुन महिलाको प्रजनन क्षमतासँग सम्बन्धित छ । किशोरी उमेर सुरु भएपछि महिलाको प्रजनन् क्षमता रहँदासम्म महिनावारी कायम रहन्छ । महिनावारी महिलाको प्रजनन् प्रणालीको नियमित चक्र हो । महिनावारीको बेला प्रजनन्योग्य अण्डा फुटेर पाठेघरको भित्तामा भएको रगत र तन्तुहरू शरीर बाट बाहिर निस्कने हो । यही प्रक्रियामा निस्कने रगतलाई अशुद्ध मानेर महिनावारीमा छोइछिटो बार्ने चलन सुरु भएको हो ।

महिनावारी बार्ने चलन हिन्दू धर्मसँग सम्बन्धित छ । त्यो पनि धार्मिक रुपमा शक्तिशाली मानिने हिन्दू धर्मका देवीका बारेमा चर्चा गर्दा उनीहरु महिनावारी भएको चर्चा कतै छैन । लक्ष्मी, सरस्वती, दुर्गालगायतका शक्तिशाली देवी महिनावारी भएको वा त्यस्तो बेला कुनै सभा रोकिएको कतै उल्लेख छैन । मनुस्मृतिमा आएर मात्रै महिनावारीको चर्चा छ । जसमा महिनावारीको समयमा पाँच दिन अलग बस्नुपर्ने र कसैसँगै सुत्न नहुने भनिएको छ । महिनावारीको पाँच दिनसम्म स्नान, जप, हवन वा धार्मिक काम गर्नु हुँदैन भनिएको छ । धर्मशूत्रमा पनि महिनावारीलाई अपवित्र मान्ने, धार्मिक काममा निशेध गर्ने, छोइछिटो गर्ने र अलग्गै बस्नुपर्ने नियम उल्लेख छ ।

ऋषिपञ्चमी कथामा महिनावारी नबार्दा महिला आफूले पाउने समस्या मात्र होइन, आफ्ना पति र सन्तानले व्यहोर्नु पर्ने पापबारे उल्लेख गरिएको छ । यसले महिलालाई महिनावारीको समयमा अछुत ठान्दै धार्मिक, सामाजिक र पारिवारिक जीवनबाट अलग बस्नुपर्ने नियममा बाँधेको छ । अशिक्षित मात्र होइन, कतिपय शिक्षित महिलाहरु पनि धर्म नाश हुने डरले छुइप्रथा अपनाइरहेका भेटिन्छन् । गाउँ मात्र होइन, शहरका महिला पनि महिनावारीमा छोइछिटो बारेका हुन्छन् ।

पछिल्लो समय प्रश्न उठेको छ, महिलाहरु आफैंलाई पीडा दिदै र समस्या भोग्दै महिनावारी तथा छाउ किन बार्छन् ? यसको सोझो उत्तर हो, अधिकांश महिलाले धर्मलाई आफू र आफ्नो परिवारको रक्षा कवजका रुपमा लिन्छन् । धर्म कथालाई मार्गदर्शन मान्छन् । त्यसको पालना नगरे पाप लाग्छ भन्ने ठान्छन् । धेरैजसो धार्मिक नियम महिलामा केन्द्रीत छन् । तिनका नियम मिचे आफूभन्दा त्यसको पापबाट पति वा सन्तानलाई अशुभ हुने लेखिएको हुन्छ ।

अधिकांश महिला आफूभन्दा आफ्नो परिवार, पति र सन्तानलाई धेरै माया गर्छन् । आफ्ना कारण आफ्ना प्रियजनलाई केही हुने पो हो कि भन्ने डरले महिलाहरु आफूलाई समस्या भए पनि धार्मिक नियममा बाँधिइरहेका हुन् । यही प्रभाव महिनावारीमा पनि देखिएको हो । महिनावारीमा छाउ नबसे वा अछुत व्यवहार नगरे धर्म नासिने र परिवार एवं सन्तानलाई आपत आइलाग्ने डर देखाइएको छ । यही डरले महिलाहरु समस्या भोगेरै भए पनि महिनावारी बारी रहेका छन् ।



**अमृता अनमोल**

महिलाहरु पुरुषको तुलनामा धेरै भावनात्मक रुपमा संवेदनशील हुन्छन् । यही देखेर होला समाजले पनि सीप र शिक्षायुक्त होइन, धर्म र परम्परा मान्ने महिलालाई असल छोरी, बुहारी, आमा र पत्नीको दर्जा दिने गरेको छ । राम्रो नराम्रो जे भए पनि धार्मिक परम्परा वा संस्कार मान्नेलाई शालिन र आदर्शको महिलाको रुपमा चित्रण गर्ने गरेको छ । जीवनमा आइपर्ने समस्या कर्म गरेर भन्दा भगवान र कुलपितृ पुकारेर र पूजा गरेर समाधानको प्रयास गर्न सिकाएको छ । धर्मपालन गर्नु कर्तव्यका रुपमा सिकाएको छ । यसको प्रभावले महिनावारीमा छुइप्रथा हट्न र छाउ गोठ भत्कन नसकेको हो ।

सामान्यतया धर्म भनेको धारण गर्ने कुरा हो । अदृश्य रुपमा धारण गरिएको कुरा धारणा हो । यसले जीवन जीउने कला सिकाउँछ । पुरानो धारणा फेर्न नयाँ धारणा चाहिन्छ । छाउ अर्थात् महिनावारीको सन्दर्भमा कानुन बन्यो तर, धारणा फेर्ने काम गरिएन । यसैले कागजमा कानुन बन्यो दृश्यमा छाउ गोठ भत्किए तर मनका छाउ भत्किएनन् ।

छाउप्रतिको धारणा फेर्न मानिसमा सामाजिक जागरण चाहिन्छ, उत्प्रेरणा चाहिन्छ । छाउ नबार्दा अनिष्ट हुन्छ भनेर बसेको गहिरो भावना फेर्न केही हुन्न भन्ने बलियो आत्मविश्वास चाहिन्छ । त्यो आत्मविश्वास धार्मिक, सामाजिक र राजनीतिक रुपमा अगाडि बढेका व्यक्तिले देखाउनुपर्छ । समयअनुसार धार्मिक व्याख्या गरिनुपर्छ समयअनुसार सामाजिक चेतना प्रवाह र आत्म जागरणका कार्यक्रम गरि नुपर्छ त्यसमा राजनीतिक सामाजिक र धार्मिक अगुवा चुकेका छन् ।

प्रथा वा परम्परा कुनै व्यक्ति, क्षेत्र वा समुदायका संस्कार हुन् । तर, जुन प्रथा वा परम्पराले समाजमा विकृति ल्याउँछ । अधिकांशको अहित हुन्छ । सामाजिक भेद्भाव ल्याउँछ । त्यस्तो प्रथा वा परम्परा कुप्रथा हो । यसलाई बचाउने होइन त्याग्नुपर्छ । राज्य अभिभावक हो । सरकार नागरिकको सारथी हो । यसैले छाउप्रथा कुप्रथा हटाउन सरकारले अभिभावकीय भूमिका खेल्नुपर्छ । कानुनी, धार्मिक र सामाजिक जागरणका काममा सरकार अगाडि लाग्नुपर्छ । त्यसमा तीन तहकै सरकार चुकेका छन् ।

भौतिक पूर्वाधार बलियो बनाउन खटेका सरकार अब कुरीति फेर्न नागरिकको मन बलियो बनाउने अभियानमा जुट्नुपर्छ । लामो समयदेखि मनमा बसेको छाउप्रतिको डर हटाउन नागरिक अभियान चलाउनुपर्छ । निडर अभियन्ता खोज्नुपर्छ । अभियानमा छाउप्रथा नमान्ने सामाजिक, धार्मिक र राजनीतिक खटाउनुपर्छ ।

ताकि तिनलाई हेरेर र देखेर सर्वसाधारण महिलाले मनको छाउगोठ भत्काउन सकून्, महिनावारीमा छोइछिटो त्याग्न सकून् । महिनावारी नबार्दा अनिष्ट हुने डरले समस्या भोगेकाले केही हुन्न भन्ने आत्मविश्वास भर्न सकून् । यो काम जहिलेबाट सुरु हुन्छ छाउगोठ र महिनावारीमा छुइप्रथा व्यवहारमै हराउने छ । छाउप्रथा वा महिनावारी कुप्रथाको मारमा परेका महिलाले उन्मुक्ति पाउनेछन् ।


## डडेल्धुरा अस्पताल डडेल्धुरा

### समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट ब्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित ब्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक ब्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका ब्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक ब्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

सामाजिक सेवा एकाई
डडेल्धुरा अस्पताल डडेल्धुरा

## लिपुलेकबारे भारत र चीनको सम्झौताप्रति समाजवादी मोर्चाको विरोध

**बिगूल समाचार**

**६ भाद्र २०८२**



काठमाडौं । समाजवादी मोर्चा नेपालले नेपाली भूमि लिपुलेकबारे भारत र चीनले गरेको समझदारीले नेपालको सार्वभौमिक अधिकारमाथि गम्भीर आघात पुगेको ठहर गरेको छ। मोर्चाले आज प्रेस वक्तव्य जारी गर्दै नेपालको सार्वभौमिक अखण्डतामाथि आँच पुर्याउने उक्त सम्झौताप्रति विरोध तथा असहमति प्रकट गरेको छ ।

मोर्चाले कूटनीतिक पहलबाट सम्बन्धित मुलुकलाई सत्यतथ्य जानकारी गराउन, उक्त सहमतिको विरोध गर्न र नेपालको भू-भाग फिर्ता ल्याउन पहल गर्न सरकारसँग आग्रह गरेको छ । 'भारत र चीनबीच हालै पुलान-गुन्जीलाई जोड्ने लिपुलेक व्यापारिक नाका सञ्चालन गर्ने र दुई पक्षीय व्यापार पुनःस्थापना गर्ने समझदारी भएकाप्रति ध्यानाकृष्ट भएको छ, मोर्चाद्वारा जारी वक्तव्यमा उल्लेख छ ।

मोर्चाले ऐतिहासिक प्रमाण र द्विपक्षीय सन्धिले लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्र नेपालको अभिन्न अङ्गका रुपमा रहेको जनाएको छ । नेपालको अभिन्न भूभागका रूपमा रहेका ती क्षेत्रमा विगत भारतीय पक्षको अतिक्रमण जारी रहेको जनाउँदै मोर्चाले कूटनीतिक प्रयासमार्फत अतिक्रमित भूमि फिर्ता ल्याउन सरकारसँग आग्रह गरेको छ ।

## विद्या भण्डारी लक्षित गर्दै अध्यक्ष ओलीले भने एमालेले कसैको सदस्यता खोसेको छैन

**बिगूल समाचार**

**६ भाद्र २०८२**

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले आमजनता पार्टी (आजपा) का वरिष्ठ उपाध्यक्ष उपेन्द्र साहसहित विभिन्न नेता कार्यकर्तालाई आज पार्टी प्रवेश गराएका छन् ।

पार्टी केन्द्रीय कार्यालय, ललितपुरको च्यासलमा आज आयोजित कार्यक्रममा उनले एमालेका पूर्वकेन्द्रीय सदस्यसमेत रहेका साहसहितका नेता तथा कार्यकर्तालाई एमाले पार्टीमा प्रवेश गराएका हु ।

यस्तै, आजपाका स्थायी कमिटी सदस्य मनोजकुमार यादव, फतुवा विजयपुर नगरपालिकाका पूर्वउपप्रमुख कान्तिदेवी महतो, माधवनारायण नगर पालिकाका पूर्वउपप्रमुख सिमल कुमारी साहसहित रौतहट र धनुषाका अन्य नेताहरु एमालेमा प्रवेश गरे ।

अध्यक्ष ओलीले नव प्रवेशीहरुलाई पार्टीमा स्वागत गर्दै गलत बाटो देखाउनेको बहकावमा लागेर केही समय अलमलमा परे पनि अब सही घरमा आएकोमा धन्यवाद दिए ।

'हामी शान्ति, मानवता, विकास र सुख चाहन्छौं, अपराध सोचेर बस्नेहरूको जञ्जालबाट तपाइँहरु मुक्त हुनुभएको छ, अध्यक्ष ओलीले भने, 'एमालेको ठूलो परिवार भएर काम गरौं, मिलेर देश बनाउँ, गलत काम नगरौं ।'

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता कायम हुनु नहुनेबारे एमाले केन्द्रीय कमिटीको निर्णयका सम्बन्धमा स्पष्ट हुन आग्रह गर्दै अध्यक्ष ओलीले भने, 'अहिले पूर्वराष्ट्रपतिको सदस्यता खोसिएको भन्ने आरोपका कुराहरु आएका छन्, खासमा राष्ट्रपति भएपछि उहाँले पार्टी सदस्यता त्याग्नुभएको हो, कर्मचारीलाई झुक्याएर हुँदै नभएको सदस्यता रसिद काट्दैमा कायम हुँदैन, उहाँले बाहिर-बाहिर बोल्नुभएको छ ।'

अध्यक्ष ओलीले थपे, 'पार्टीमा आएर सदस्यता नवीकरण र नयाँ सदस्यताका लागि निवेदन दिनुभएको पनि छैन, पार्टीमा असन्तुष्ट र एकाध जनसंगठनमा हारेकाहरुलाई जम्मा गरेर उहाँले पार्टी एकतामा यसरी असहयोग गर्नुहोला भन्ने हामीले कल्पना पनि गरेका थिएनौं ।'

कार्यक्रममा नेता उपेन्द्र साहले प्रभु साह नेतृत्वको आजपाले जनताका लागि काम गर्छ भन्नु भ्रम रहेको भन्दै देश र जनताका पक्षमा काम गर्ने पार्टी एमाले नै हो भन्ने विश्वाससहित आजपाका नेता तथा कार्यकर्तासहित एमाले पार्टी प्रवेश गरेको बताए ।

**तपाईको सुझाव सल्लाह र प्रतिक्रियाका लागि हार्दिक अनुरोध छ आउदा दिनहरुमा पाठक पत्र पनि प्रकाशन गर्ने भएकाले लेखेर पठाई दिनु होला**


## स्वास्थ्य कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् । नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस् ।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस् ।
- गर्मी मौसममा हुन सक्ने झाडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस् ।
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस् । क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस् ।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

सुदूरपश्चिम प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

स्वास्थ्य निर्देशनालय

**जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुरा**

## जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा**

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार

वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

**वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।**

सुदुरपश्चिम प्रदेश सरकार

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

**डिभिजन वन कार्यालय, डडेल्धुरा**

## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**आलिताल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**भिमदत्तपूर, डडेल्धुरा**



डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा